# कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७)" को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी कृषि विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशले यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधि तयार गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो विधिको नाम **"कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३"** रहेको छ।

(२) यो विधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो विधि अनुसूची-१ मा उल्लेखित कार्यक्रमहरु कार्यान्वयनका लागि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा,

(क) **"आवेदक"** भन्नाले अनुसूचि-१ बमोजिमको कार्यक्रम सञ्चालन गर्न र गर्ने इच्छुक कृषक/कृषि सहकारी/कृषक समूह/फार्मलाई सम्झनु पर्दछ।

(ख) **"केन्द्र"** भन्नाले जिल्ला स्थित कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ।

(ग) **"मन्त्रालय"** भन्नाले मधेश प्रदेश स्थित भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

(घ) **"निर्देशनालय"** भन्नाले मधेश प्रदेश स्थित कृषि विकास निर्देशनालय सम्झनु पर्दछ।

(ङ) **"अनुदानग्राही"** भन्नाले अनुसूचि-१ बमोजिमको कार्यक्रमका लागि छनौट भएका कृषक/कृषि सहकारी/कृषक समूह/ फार्मलाई सम्झनु पर्दछ।

३. **अनुदानको वर्गीकरणः** (१) अनुदान लक्षित कार्यक्रमहरुलाई देहाय बमोजिम वर्गीकरण गरिनेछ।

(क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम,
(ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम र
(ग) बजार प्रवर्द्धन कार्यक्रम।

(२) प्रस्ताव पेश गर्दा रीतपूर्वक प्राप्त आवेदकहरूको हकमा माथि उल्लेखित सम्पूर्ण कार्यक्रमहरूमा आवेदन पेश गर्न सकिनेछ।

४. **प्रस्ताव आह्वान तथा संकलनः** (१) कार्यक्रम सञ्चालनको लागि केन्द्रको प्रमुखले सूचना तथा आवेदकले भर्ने प्रस्तावको निवेदन लगायतको ढाँचा तथा अन्य आवश्यक कागजात स्वीकृत गरी सूचना प्रकाशित गर्नुपर्नेछ।

(२) केन्द्रले अनुसूची-१ मा उल्लेखित कार्यक्रमहरुको लागि कम्तिमा पन्ध्र (१५) दिनको म्याद दिई दैनिक पत्रिकामा सूचना प्रकाशन/प्रस्ताव आह्वान गरी आवेदकबाट प्रस्ताव संङ्कलन गर्नु पर्नेछ। प्रकाशन भएको सूचनाको जानकारी जिल्लास्थित सबै स्थानीय तह तथा कृषि विकास निर्देशनालयमा समेत पठाउनुपर्नेछ। सूचना तथा प्रस्तावको ढाँचा कार्यालयको वेबसइटमा समेत राख्नुपर्नेछ।

(३) उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा सात (७) दिनको म्याद थप गरी पुनः सूचना प्रकाशन गरिनेछ र उक्त म्यादभित्र समेत गरी जे जति संख्यामा आवेदन संङ्कलन भए पनी कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने छैन।

५. **प्रस्ताव मूल्याङ्कन समितिः** (१) कार्यक्रमको उद्देश्य अनुसार पेश भएका प्रस्तावहरुको मूल्याङ्कन र छनौट गरी स्वीकृतिको लागि सिफारिस गर्न जिल्ला स्तरमा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहने छ।

| | |
|---|---|
| (क) केन्द्रको प्रमुखले तोकेको अधिकृत | संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| (ग) कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी | सदस्य सचिव |

(२) प्रस्ताव मूल्याङ्कन समितिले दुई जनासम्म प्राविधिक/विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) प्रस्ताव मूल्याङ्कन समितिले अनुसूची-१ मा उल्लेखित आवश्यक न्यूनतम मापदण्डलाई आधार लिई प्रस्ताव मूल्याङ्कनका थप आधार आवश्यक भएको खण्डमा आफैले तयार गरी केन्द्रको प्रमुखबाट स्वीकृत गराई म्याद भित्र प्राप्त भएका प्रस्तावको योग्यता र पूर्णताको जाँच गरी रित पुगेका प्रस्तावहरुको स्थलगत निरीक्षण र स्थलगत मूल्याङ्कन समेतको आधारमा उत्कृष्ट प्रस्तावहरु छनौट गरी स्वीकृतिका लागी केन्द्र प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ।

६. **आपूर्तिकर्ता छनौट सम्बन्धी व्यवस्थाः** (१) सम्बन्धित प्राविधिकबाट प्राविधिक स्पेसिफिकेशन तयार गरी र सो प्राविधिक स्पेसिफिकेशन लाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार लागत अनुमान तयार गरी सम्बन्धित केन्द्र प्रमुखले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) केन्द्रले बुँदा (१) बमोजिमको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान तयार गरे पश्चात आपुर्तीकर्ता छनौटका लागी सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद अनुसार सुचना प्रकाशन गर्नु पर्नेछ।

(३) त्यसरी प्राप्त भएको आपुर्तीकर्ताको आवेदनलाई नियमानुसार मूल्याङ्कन गरि केन्द्रले तयार गरेको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमानको आधारमा लागत अनुमान वा सो भन्दा कम दररेट पेश गरेका आपुर्तीकर्ताहरुको मूल्याङ्कन गरि सुचि तयार गर्नुपर्नेछ । सुचितकृत भएका आपुर्तिकर्ताले पेश गरेका दररेटको औसत निकालि सो औसत दरको सबैभन्दा नजिक रहेको दररेट लाई अनुदानको लागि आधार दररेट तोक्नुपर्नेछ। सो आधार दररेट भन्दा माथि दररेट भएका आपुर्तिकर्ताबाट अनुदानग्राहिले खरिद गरेको खण्डमा आधारदररेटकै आधारमा अनुदान को रकम भुक्तानि गरिनेछ,तर आधारदररेट भन्दा कम दररेट भएको आपुर्तिकर्ताबाट खरिद गर्दा आपुर्तिकर्ताले पेश गरेकै दररेटको आधारमा अनुदान रकम भुक्तानि हुनेछ।

(४) आपूर्तिकर्ताले बोलपत्र जमानत तथा कार्य सम्पन्न जमानत सार्वजनिक खरिद ऐन तथा नियमावलीनुसार पेश गर्नु पर्नेछ ।

७. **सम्झौता सम्बन्धी व्यवस्थाः** (१) छनौट भएका अनुदानग्राहीहरुलाई केन्द्रले समय सीमा तोकी सूचना प्रकाशन मार्फत सम्झौता गर्नका लागि अनुदानग्राहीलाई अनुरोध गर्नु पर्नेछ।

(२) समय सीमा भित्र सम्झौता गर्न नआउने वा सम्झौता गरी समयमा काम शुरु नगर्ने अनुदानग्राहीको सम्झौता रद्द गरी वैकल्पिक अनुदानग्राहीसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

८. **अनुदानको अधिकतम सिमाः** यस कार्यक्रम अन्तर्गतको प्रस्ताव स्वीकृत गर्दा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६(पहिलो संशोधन २०७७)" मा व्यवस्था भए बमोजिम क्रियाकलाप अनुसार अनुदानको अधिकतम सिमा कायम रहनेछ।

९. **अनुगमन र नियमनः** मन्त्रालय र निर्देशनालयले सम्पादित कार्यक्रमहरुको सुपरीवेक्षण तथा अनुगमन गर्न सक्नेछ।

१०. **भुक्तानी :** सुचिकृत भएका आपुर्तिकर्ता बाट अनुदानग्राहिले आफुले रोजेको आपुर्तिकर्ताबाट यन्त्र उपकरण खरिद गरि जडान कार्य सम्पन्न गर्नुपर्नेछ र सो पश्चात केन्द्रले जडान कार्यको जाचबुझ गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेछ। अनुदानग्राहिले कार्य सम्पन्न प्रतिवेदन,बिल भर्पाइ लगायत केन्द्रले तोकेको अन्य विवरण सहित अनुदान वापतको रकम भुक्तानी माग गर्दा कार्यालयले अनुदान वापतको रकम अनुदानग्राही वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई नियमानुसार भुक्तानी दिन सक्नेछ।

११. **विविधः** नेपाल कृषि अनुसन्धान परिषद् र त्यस अन्तर्गतका निकायहरु, सरकारी फार्म केन्द्रहरू,सरकारी निकाय वा कृषि सामाग्री कम्पनी लिमिटेड बाट उपलब्ध हुने कृषि सामाग्रीहरू खरिद गर्नुपर्ने अवस्थामा केन्द्रले सिधै खरिद गरी अनुदानग्राहीलाई उपलब्ध गराउन सक्नेछ।

१२. **संशोधन गर्न सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा संशोधन गर्न सक्नेछ।

१३. **खारेजी तथा बचाउः** (१) "कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२" खारेज गरिएको छ।

(२) "कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२" बमोजिम भए गरेका काम कारबाही यसै बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| १. | तेलहन बालि प्रवर्द्धन कार्यक्रम | • कृषकको हकमा न्यूनतम १० कट्ठा क्षेत्रफलमा तेलहन बाली खेति गर्न इच्छुक।<br>• कृषक समूह/ कृषि सहकारी/ उद्यमीहरुको हकमा न्यूनतम ३ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा तेलहन बालीको खेति गर्न इच्छुक। | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• कृषि उत्पादन सामाग्रीहरु (उन्नत बीउ, कृषि चुन,सुक्ष्म तत्व)<br>• साना सिंचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• स्थानिय उत्पादन प्रयोग गरी प्रशोधन गर्ने मिलहरुको स्थापना वा स्तरोन्नती तथा प्याकेजिङ्ग र लेबलिङ्ग<br>• प्रशोधन सम्बद्ध यन्त्र उपकरणहरु | |
| २. | दलहन बाली प्रवर्द्धन कार्यक्रम | • कृषकको हकमा न्यूनतम ५ कट्ठा क्षेत्रफलमा दलहन बालीको खेति गर्न इच्छुक।<br>• कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम २ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा दलहन बालीको खेति गर्न इच्छुक। | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• कृषि उत्पादन सामाग्रीहरु (उन्नत बीउ, कृषि चुन)<br>• साना सिचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• स्थानिय उत्पादन प्रयोग गरी प्रशोधन गर्ने मिलहरुको स्थापना वा स्तरोन्नती तथा प्याकेजिङ्ग र लेभलिङ्ग<br>• प्रशोधन सम्बद्ध यन्त्र उपकरणहरु | |
| ३. | व्यवसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम | • कृषकको हकमा न्यूनतम ५ कट्ठा क्षेत्रफलमा व्यवसायिक रुपमा तरकारी खेति गर्न इच्छुक।<br>• कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम २ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा तरकारी खेति गर्न इच्छुक। | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• व्यवसायिक तरकारी उत्पादन गर्ने कृषकले बेमौसमी तरकारी उत्पादन गर्न चाहेमा वा गरिरहेकोहकमा ग्रीन हाउस/नेट हाउस, थोपा सिंचाइ, प्लाष्टिक घर लगायतका पूर्वाधारमा सहयोग<br>• कृषि उत्पादन सामाग्रीहरु (बीउ, बेर्ना, कृषि चुन, फेरोमोन पासो)<br>• कृषि सम्बन्धी स्वचालित यन्त्र उपकरणहरु<br>• साना सिंचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि | |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| | | | ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन उत्पादनोपरान्त प्रविधि तथा पूर्वाधार निर्माण<br>ग) बजार प्रवर्द्धन कार्यक्रम<br>• ई-लोडर<br>• संङ्कलन/भण्डारण केन्द्र, कोल्ड च्याम्बर निर्माण<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट | |
| ४. | कागति खेतिमा प्रोत्साहान कार्यक्रम | • न्यूनतम ५ कट्ठा क्षेत्रफलमा व्यवसायिक रुपमा कागति खेति गर्न इच्छुक। | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• कागति उत्पादन सामाग्रीहरु (बेर्ना, कृषि चुन, बोर्डेक्स,फेरोमोन पासो)<br>• स्वचालित यन्त्र उपकरणहरु<br>• ट्रेनिङ्ग प्रुनिङ्ग सम्बद्ध यन्त्र उपकरणहरु, स्प्रेयर<br>ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन उत्पादनोपरान्त प्रविधि<br>ग) बजार प्रवर्द्धन कार्यक्रम<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट | |
| ५. | मकै बाली प्रवर्द्धन कार्यक्रम | • कृषकको हकमा न्यूनतम ६ कट्ठा क्षेत्रफलमा मकै खेति गर्न इच्छुक।<br>• कृषक समूह /कृषि सहकारीको हकमा न्यूनतम ७ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा मकै बाली खेति गर्न इच्छुक। | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• बीउ, कृषि चुन लगायत अन्य<br>• मकै रोप्ने, गोड्ने यन्त्रहरु<br>• मकै हार्भेष्टर, मकै थ्रेसर, सेलर यन्त्रहरु<br>• साना सिंचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• हार्भेष्टिङ्ग,ड्राईयर,थ्रेसिङ्ग फ्लोर, ग्रेडर, प्रशोधन, गोदाम घर उत्पादनोपरान्त प्रविधि तथा पूर्वाधार निर्माण<br>ग) बजार प्रवर्द्धन कार्यक्रम<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स | |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| ६. | हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जनका लागी १०० प्रतिशत अनुदानमा कृषि विकास कार्यक्रम | • हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गहरु | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• उन्नत बीउ, कृषि चुन<br>• औजार तथा यन्त्र उपकरणहरु<br>• साना सिंचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) बजार प्रवर्द्धन कार्यक्रम<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स | |
| ७. | मखान खेति प्रवर्द्धन कार्यक्रम | • कम्तिमा ५ कट्ठा क्षेत्रफलमा व्यावसायिक मखान खेती गरीरहेका कृषक/ उद्यमि/ कृषक समूह/ कृषि सहकारी। | • प्रस्ताव तथा स्थलगत अनुगमनको आधारमा उपयोगि औजार उपकरण तथा पूर्वाधार निर्माण सहयोग<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>• प्रविधि प्रदर्शन | |
| ८. | मौरी प्रवर्द्धन कार्यक्रम | • निजि कृषकको हकमा न्यूनतम २५ घारमा मौरीपालन गर्न इच्छुक।<br>• कृषक समूह/ कृषि सहकारीको हकमा न्यूनतम ५०० घारमा मौरीपालन गर्न इच्छुक। | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• मौरी घार (संकेत नं सहितको)<br>• मौरि पालन तथा मौरीजन्य उत्पादन सम्बद्ध कृषि यन्त्र उपकरण<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• मह लगायत मौरीजन्य उत्पादनहरुको प्रशोधन,प्याकेजिङ्ग, भण्डारण, लेबलिङ्ग लगायत अन्य पोष्ट हार्भेष्ट उपकरण,प्रविधि तथा भौतिक निर्माण सम्बद्ध कार्य | |
| ९. | च्याउ प्रवर्द्धन कार्यक्रम | • कम्तिमा ५ के.जी स्पन प्रयोग गरी च्याउ उत्पादन गर्न इच्छुक कृषक।<br>• कृषक समूह/कृषि उद्यमि/ कृषि सहकारीको हकमा न्यूनतम १०० के.जी. स्पन प्रयोग गरी च्याउ उत्पादन गर्न इच्छुक। | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• च्याउ स्पन, कम्पोस्ट तथा प्याकिङ्ग प्लाष्टिक लगायतका उत्पादन सामाग्री<br>• च्याउ उत्पादन सम्बद्ध कृषि यन्त्र उपकरण तथा पूर्वाधार<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• प्रशोधन, प्याकेजिङ्ग, भण्डारण, लेभलिङ्ग लगायत पोष्ट हार्भेष्ट उपकरण | |
| १०. | ओल/कन्दमुल बाली प्रवर्द्धन कार्यक्रम | • कम्तिमा ५ कट्ठा क्षेत्रफलमा ओल/कन्दमुल बाली खेती गर्न इच्छुक कृषक। | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• बीउ, कृषि चुन<br>• औजार तथा यन्त्र उपकरणहरु | |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| | | | • साना सिंचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• ओल धुने मेसिन<br>ग) बजार प्रवर्द्धन कार्यक्रम<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट | |
| ११. | बगर खेतीमा सहयोग | • कम्तिमा ५ कट्ठा क्षेत्रफलमा बगर खेति गर्न वा गर्ने ईच्छुक कृषक (लालपुर्जा नभएको कृषकको हकमा बगर खेति गर्ने जग्गाको क्षेत्रफल स्थानियतह/सम्बन्धित वडा बाट सिफारिस भई आएको हुनुपर्ने ) | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• बीउ, बेर्ना<br>• औजार तथा यन्त्र उपकरणहरु<br>• सिंचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) बजार प्रवर्द्धन कार्यक्रम<br>• ई-लोडर<br>• वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट | |
| १२. | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | • कम्तिमा २ कट्ठा क्षेत्रफलमा उत्पादन गर्न इच्छुक कृषक। | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• उन्नत बीउ, बेर्ना, मल्चिङ्ग<br>• औजार तथा यन्त्र उपकरणहरु<br>• साना सिंचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्रशोधन लगायतका उत्पादनोपरान्त प्रविधि तथा पूर्वाधार निर्माण | |
| १३. | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | • सोहिजन, कोदो,फापर आदीको लागि:<br>• कम्तिमा १ कट्ठा क्षेत्रफलमा सोहिजन, कोदो,फापर आदि बालीको खेती गर्न इच्छुक कृषक। | क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम<br>• बीउ, बेर्ना<br>• औजार तथा यन्त्र उपकरणहरु<br>• साना सिंचाई व्यवस्थापन<br>• तालिम तथा क्षमता अभिवृद्धि | |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम मापदण्ड | अनुदानको वर्गिकरण अनुरुप खर्च गर्न सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| | | | ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम<br>• हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्रशोधन लगायतका उत्पादनोपरान्त प्रविधि | |
| १४. | माटो स्वास्थ्य सुधारको लागि हरियो मल प्रवर्द्धन कार्यक्रम(९०% अनुदान) | • न्यूनतम १ कट्ठा क्षेत्रफलमा धान खेति गर्ने कृषक | • ढैंचा,मुङ्ग,सनई,बोडि लगायत अन्य हरियो मल<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>• जनचेतना अभिविद्धिका कार्यक्रम | |
| १५. | कृषि उपजको प्रशोधनमा आवद्ध समुह सहकारी लाई यान्त्रिकरण तथा सुदृढीकरण सहयोग | • कृषि उपजको प्रशोधनमा आवद्ध समुह सहकारी | • ग्रेडिङ्ग, लेभेलिङ्ग, प्याकेजिङ्ग, प्रशोधन लगायतका उत्पादनोपरान्त प्रविधि | |
| १६. | स्मार्ट नर्सरी अभिवृद्धि कार्यक्रम | • कम्तिमा ५ कट्ठा क्षेत्रफलमा नर्सरी व्यवसाय गर्ने नर्सरी फार्म | क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम<br>• तरकारी /फलफुलको बेर्ना उत्पादन गरिरहेको फार्मलाई ग्रीन हाउस/नेट हाउस, थोपा सिंचाइ, प्लाष्टिक घर लगायतका पूर्वाधारमा सहयोग<br>• कृषि उत्पादन सामाग्रीहरु (बीउ, माउबोट, सायन, रूटस्टक)<br>• कृषि सम्बन्धी स्वचालित यन्त्र उपकरणहरु<br>• तालिम तथा क्षमता अभिवृद्धि<br>ख) बजार प्रवर्द्धन कार्यक्रम<br>• ई-लोडर, क्यारेट | |

नोट: (१) यस मापदण्डमा उल्लेखित साना सिंचाई व्यवस्थापन सम्बन्धि कार्यहरू "भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८३"अनुसार हुनेछ।

(२) बिउ,बेर्नाको हकमा सरकारी स्वामित भएको निकाय बाट सिधै खरिद गर्न सकिनेछ र सो निकाय बाट उपलब्ध नभएको हकमा सूचिकृत आपुर्तिकर्ता बाट खरिद गर्नु पर्नेछ।

डा. संजय कुमार यादव
प्रदेश सचिव